Regd. No.: 314870/79/080

MULTI AGRO
NATIONAL INVESTMENT COMPANY LTD.

Tokha-5, Basundhara, Kathamandu
Nepal
+977 01-5915148
multiinvestment23@gmail.com

सम्झौता न.

(कम्पनिको प्रबन्धपत्रको दफा ७ को उपदफा (६) संग सम्वन्धित)
प्रथम पक्ष र दोस्रो पक्षविचको

## अग्रिम शेयरधनी तथा शेयरधनि सम्झौता

यो सम्झौता (यहाँ उप्रान्त सम्झौता भनिने छ) आज ......................... बार, मिति ................/............./......... का दिन एक पक्षको रूपमा रहेको कम्पनी रजिष्ट्रार कार्यलयमा दर्ता भई रजिष्ट्र्ड कार्यालय टोखा –५, काठमाडौंमा रहेको मल्टी एग्रो नेशनल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड (यहाँ उप्रान्त प्रथम पक्ष भनिने) र अर्को पक्षको रूपमा प्रथम पक्षका दोस्रो पक्षभई यस कम्पनिको शेयरधनी बनेको/बनेकी श्री ........................................................................ नागरिकता नं. .................................. (अन्य विवरण शेयरधनी परिचय विवरणमा उल्लेख गरिएको) यहाँ उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ नलगाएकोमा बाहेक निजका उत्तराधिकारीहरू र/वा कानुनी प्रतिनिधिहरू र/वा कार्यान्वयनकर्ताहरू र/वा अनुमति प्राप्त नामाङ्कित व्यक्तिहरू र/वा प्रशासकहरू र/वा व्यापारिक उत्तराधिकारीहरू समेत लाई जनाउने), बीच सम्पन्न भएको छ ।

१. यस सम्झौताका पक्षहरू कम्पनि ऐन, कम्पनि निर्देशिका, प्रथम पक्षले कम्पनि स्थापनाको बखत जारि गरेको प्रबन्धपत्र तथा नियमावली ले जारी गरेका सम्बन्धित नियम कानूनहरू समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं।

२. दोस्रो पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि संस्थाको नीति, नियम, कार्ययोजना तथा बिभिन्न पक्षको ध्यानपूर्वक अध्ययन गरी यससंग सम्बन्धित जोखीम समेत राम्ररी बुझी यस सस्थाको शेयर धनि बन्न इच्छुक रहेकोले स्वःविवेकका साथ यस अग्रिम शेयरधनि तथा शेयरधनि सम्झौता गरिएको छ ।

३. कम्पनिको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम संस्थापक शेयरधनी “क” वर्गको शेयरधनी रहने र भविष्यमा संस्थापक शेयरधनी बाहेक अन्य शेयरधनी “ख” वर्गको शेयरधनी रहने व्यवस्था बमोजीम प्रथम पक्षले दोश्रो पक्ष लाइ प्रति शेयर मूल्य रू १००/– भएको १००० थान “ख” वर्गको साधारण शेयर प्रदान गर्नेछ । “ख” वर्गका शेयर धनीमा निहित

शेयरधनीको  हक, अधिकार तथा बन्देजहरू उल्लेख भएबमोजिम निम्नअनुसार रहनेछ।

(क) “ख” वर्गका शेयरधनीको कम्पनीको साधारण सभामा मताधिकार रहने छैन। तर नियमावलीको नियम २५ को उपनियम (२) मा उल्लिखित विषय कम्पनीको मुख्य उद्देश्य परिवर्तन गर्ने विषय, एउटा कम्पनी अर्को कम्पनीमा गाभिने विषय, कम्पनी खारेजी गर्ने विषय, कम्पनी परिणत हुने विषयमा भने “ख” वर्गका शेयरधनीहरूको पनि मताधिकार रहनेछ।

(ख) “क” वर्गका शेयरधनी मात्र कम्पनीको सञ्चालक समितिमा नियुक्त गरिने छ। “ख” वर्गका शेयरधनी कम्पनीको सञ्चालक समितिमा नियुक्त हुन सक्ने छैनन्। तर “ख” वर्गका शेयरधनीलाई सञ्चालक समितिमा नियुक्त गर्न आवश्यक परेमा “क” वर्गको शेयरधनीहरूको बहुमतको निर्णयबमोजिम नियुक्ति गर्न सकिनेछ। यसरी नियुक्ति हुने भए निज शेयरधनी भएको ९ वर्ष पुगेको हुनु पर्ने तथा यस कम्पनीको लक्ष्य,उद्देश्य र योजना सम्बन्धी पूर्ण ज्ञान भएको हुनुपर्ने साथै न्युनतम १५,००० कित्ता शेयर लिएको हुनुपर्ने  छ।

(ग) “ख” वर्गका शेयरधनीले कम्पनीले कारोबार सञ्चालन गरेको पाँच वर्ष पूरा नहुँदै र निजको शेयरबापतको रकम पूरा चुक्ता नगरी शेयर बक्री वा हस्तान्तरण गर्न सक्ने छैनन् तर कम्पनीले कम्पनीको सञ्चालनमा कुनै बाधा व्यावधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा सञ्चालक समितिको स्वीकृति लिई “ख” वर्गका शेयरधनीले शेयर खरिद बिक्री गर्न सक्ने छन्। तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा शेयर माथिको पहिलो प्राथमिकता “क” वर्गका शेयरधनीलाई हुनेछ। यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा शेयर बाँडफाँड गर्नु पर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ।

४. प्रथम पक्षले लगानी गर्न मञ्जुर गरेको प्रति शेयर रू. १००/- दरको जम्मा १०००  थान साधरण शेयरको मूल्य रू १,००,०००/- (अक्षेररूपि रू. एक लाख रूपैयाँ) दोश्रो पक्षले उक्त शेयर रकम यस सम्झौता गरिएको मितिले ............ दिन भित्रमा भुक्तानी गर्नुपर्नेछ।

५. दोश्रो पक्षले उपदफा (४) मा चुक्ता गर्न  बाँकी रहेको रकम तोकिएको मितिसम्ममा कम्पनीको निम्न लिखित बैंक खातामा भुक्तानी गर्नुपर्नेछ।

बैंकको नाम: सिद्धार्थ बैंक लिमिटेड
खाता नाम: मल्टी एग्रो नेशनल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड
खाता नम्बर: 55503083984
शाखा: बट्टार

६. दोश्रो पक्षले शेयर बापत दिएको रकम प्रथम पक्षले कम्पनीको उद्देस्य प्राप्तिका क्षेत्रमा बाहेक अन्य कुनैपनि क्षेत्रमा लगानी गर्न पाउने छैन।

७. इच्छुक शेयरधनिले यस सम्झौता अनुसार आफुले कबुल गरेको रकम भुक्तानी गरे पश्चात शेयर धनि प्रमाण पत्र प्राप्त नहुदा सम्म अग्रिम शेयरधनि सम्झौता कायम रहनेछ। र कम्पनीको प्रमुख कार्यकारी अधिकृत वा कम्पनीको सचिवको हस्ताक्षर रहेको शेयर धनि प्रमाण पत्र प्राप्त गरीसकेपछि निजको अग्रिम शेयर धनि सदस्यता स्वत खारेज भई यसै सम्भौता शेयरधनि सम्झौताको रूपमा कायम रहनेछ।

८. शेयरधनि प्रमाण-पत्र कम्पनिको बोर्डको निर्णय अनुसार प्रदान गरिनेछ।

९. शेयरधनीहरूले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरूका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ।

१०. कम्पनी सुरूवाती चरणमा भएकाले पहिलो पाँच बर्षसम्ममा कुनै पनि लाभांश बितरण गरिने छैन तर तद्पश्चात प्रथम पक्षद्वारा लाभांश वितरण गर्ने निर्णय भएको पैतालिस दिनभित्र दोश्रो पक्षलाइ लाभांश वितरण गर्नु पर्नेछ। उक्त अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ।

११. दोस्रो पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सुचना, दोस्रो पक्षको शेयरधनी परिचय बिबरण (KYS) मा भरेको विवरणमा कुनै फेरवदल भए, फेरबदल भएको ३० दिन भित्र कार्यालय समयमा प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरू अध्यावधिक गराउनु पर्नेछ।

१२. दोश्रो पक्षले अर्को पक्षले स्पष्ट रुपमा अधिकार दिएको बाहेक वा कानूनले आवश्यक परेको खण्डमा बाहेक, कुनै पनि पक्षले अन्य पक्षसँग सम्बन्धित गोप्य जानकारीहरू खुलासा गर्ने गराउने वा प्रयोग गर्ने गराउने गर्न पाईने छैन।

१३. यस सम्झौता अनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार प्रापकको हालसालको ठेगाना वा विद्युतीय सञ्चार माध्यम मार्फत वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन भए पश्चात दोश्रो पक्षले जानकारी पाए सरह मानिने छ ।

१४. पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताहरूको समाधान सकेसम्म आपसी सहमतीमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा नियमनकारी निकायले तोके बमोजिम हुनेछ ।

१५. यस सम्झौतामा लेखिएका कुराहरू ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्र वा नियमावलीसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः वदर हुनेछन् ।

१६. यो सम्झौता दोश्रो पक्षको पहिलो पक्ष माथि कुनै हक कायम रहदासम्म कायम हुनेछ ।

१७. यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

हामी यस सम्भौताका पक्षहरू यस सम्झौतामा उल्लेखित सबै नियम/शर्तहरु राम्रो संग पढी, बुझी र सम्झी पुर्ण होस हवासमा यस सम्झौता अनुरूप आ–आफ्नो कार्य बहन गर्ने स्वःघोषणा गर्दछौं ।

सम्झौताका दोस्रो पक्षको तर्फबाट
व्यक्तिको नामः
नागरिकता नं.
दस्तखतः
स्थायी ठेगानाः
सम्पर्क नं.

| दायाँ | बायाँ |
|---|---|
| | |

सम्झौताका प्रथम पक्षको तर्फबाट
व्यक्तीको नामः
पद :
दस्तखतः
कम्पनीको छापः

साक्षी

१.............................................................. १..............................................................

ईति सम्वत.................... साल .................... महिना ...................... गते रोज शुभम् ।